श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछः–

२०२३ सालको अध्यादेश नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

### गाउँ पञ्चायत ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना:– गाउँ पञ्चायत ऐन, २०१८ ( यस पछि मूल ऐन भनिएको ) लाई तत्कालै संशोधन गर्नु आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस अध्यादेशको नाम "गाउँ पञ्चायत (पाँचौ संशोधन) अध्यादेश २०२३" रहेको छ ।

(२) यो अध्यादेश २०२३ साल भाद्र २४ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. मूल ऐनको दफा २३ मा संशोधनः– मूल ऐनको दफा २३ पछि देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१६.

"तर प्रधान पञ्च, उप-प्रधान पञ्च तथा अन्य सदस्यहरूले शपथ ग्रहण गर्नुभन्दा अगावै पनि जिल्ला सभाको लागि हुने निर्वाचनमा भाग लिन पाउने छ ।"

लालमोहर सदर मिति २०२३।११।११।५

आज्ञाले-
प्रधुम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

6910

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक रूपमा मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।